## वनपैदावार लिलाम बिक्रीको विस्तृत सूचना

## सोमरी सामुदायिक वन उपभोक्ता समूह, ईच्छाकामना -७, चितवन

### काठ/दाउरा बोलपत्रद्वारा लिलाम बढाबढको सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१/०७/०३**

यस श्री सोमरी सामुदायिक वन उपभोक्ता समूह, ईच्छाकामना-७, चितवनको वनबाट आ.व. २०८०/०८१ मा उत्पादित समूहको कम्पाउण्ड स्थल घाटगद्धीमा राखिएको तपसिल बमोजिम निम्न परिमाणको काठ/दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक काठ/दाउराको कारोबार गर्ने व्यक्ति, संघ/संस्था, उद्योग, फर्म वा कम्पनीले यो सूचना सञ्चार पत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २० औ दिन भित्र बोलपत्र खरिद गरी २१ औ दिन भित्र बोलपत्र फाराम शिलबन्दी पेश गर्नुहुन काठ/दाउरा बोलपत्र लिलाम बिक्रीको सुचना आवहान गरिन्छ ।

तपसिल :-

१. लिलाम हुने वनपैदावारको विवरण :-

लट नं. १/२०८१/२०८२

| वनपैदावारको | | | | | | न्यूनतम मूल्य रु. | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | जात | किसिम | ग्रेड | थान | परिमाण(क्यू.फि.) | दररेट | जम्मा रकम | |
| १ | साल | गोलिया | A | १८ | ४१४.७६ | रु. १२५०।०० | रु. ५,१८,४५०।०० | कटानमुछान खर्च १३७।५० प्रति क्यू.फि. का दरले थप लाग्नेछ । |
| २ | साल | गोलिया | B | २० | २२१.२७ | रु. ९००।०० | रु. १,९९,१४३।०० | |
| ३ | साल | गोलिया | C | ११ | ५७.३३ | रु. ६००।०० | रु. ३४,३९८।०० | |
| जम्मा | | | | ४९ | ६९३.३६ | | रु. ७,५१,९९१।०० | |

लट नं. २/२०८१/२०८२

| वनपैदावारको | | | | | | न्यूनतम मूल्य रु. | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | जात | किसिम | ग्रेड | थान | परिमाण(क्यू.फि.) | दररेट | जम्मा रकम | |
| १ | साल | गोलिया | A | १० | १४०.०२ | रु. १२५०।०० | रु. १,७५,०२५।०० | कटानमुछान खर्च १३७।५० प्रति क्यू.फि. का दरले थप लाग्नेछ । |
| २ | साल | गोलिया | B | १० | ११४.५५ | रु. ९००।०० | रु. १,०३,०९५।०० | |
| ३ | साल | गोलिया | C | ५ | २४.७९ | रु. ६००।०० | रु. १४,८७४।०० | |
| | | | | | | | | |
| जम्मा | | | | २५ | २७९.३७ | | रु. २,९२,९९४।०० | |

२. बोलपत्र खरिद र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय :-

क) खरिद गर्नुपर्ने अन्तिम मिति २०८१/०७/२२ गते कार्यालय समय भित्र ।

ख) दाखिला मिति २०८१/०७/२३ गते वा सार्वजानिक विदा परेको खण्डमा त्यसको भोलि पल्ट कार्यालय खोलिएको दिनको १२:०० बजे भित्र ।

३. बोलपत्र साथ कबोल गरेको रकम को १०% (दश प्रतिशत) ले हुन आउने रकम बोलपत्र खरिद गरेको सामुदायिक वन उपभोक्ता समूहको नाममा रहेको **ग्लोवल आई.एम.ई बैंकको खाता २०००१०१००००८३०** मा नगद जम्मा गरेको सक्कल बैंक भौचर समावेश गरेको हुनुपर्नेछ ।

४. बोलपत्र फाराम खरिद बापतको रकम रु १०००।०० पछि फिर्ता नहुने गरी समुहको नाममा **ग्लोवल आई.एम.ई बैंकको खाता २०००१०१००००८३०** मा नगद जम्मा गरेको भौचर वा नगदी रसिद पेश गरी यस सामुदायिक वन उपभोक्ता समुह र डिभिजन वन कार्यालय चितवनबाट खरिद तथा दाखिला गर्न सकिनेछ ।

५. लिलाम वढावढ हुने वनपैदावार कार्यालय खुलेको समय भित्र श्री सोमरी सामुदायिक वन उपभोक्ता समूहको कम्पाउण्ड स्थलमा रहेको घाटगद्धी स्थानमा गई हेर्न सकिनेछ ।

६. लिलाममा भाग लिन ईच्छुक काठ/दाउरामा आधारित कारोबार गर्ने उद्योग वा कम्पनीको व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी, नागरिकता प्रमाणपत्रको प्रतिलिपी, प्यान/भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपी र वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचिकृत भएको प्रमाणपत्रको प्रतिलिपीका साथ बोलपत्र पेश गर्नुपर्नेछ ।

७. निर्धारित न्यूनत्तम संख्याका र रितपूर्वक पर्न आएका बोपत्रहरु मिति २०८१/०७/२४ गते दिनको १२ बजे समूहको कार्यालयमा साक्षीहरुको रोहोवरमा खोलिने छ ।

८. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको ४५ दिन भित्र सकार रकम तथा निर्धारित मूल्य अभिबृद्धि कर, संकलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वनपैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

९. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुबैमा लेख्नुपर्नेछ । सकारकर्ताले बोलपत्रमा सकार गरिएको भनि भरेको रकम अङ्क र अक्षर मध्ये फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

१०. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।